नगरपालिकाको युवा सम्वन्धित वार्षिक नीति तथा कार्यक्रम र बजेट एवं सोको कार्यान्वयनका लागि चालिएका प्रयत्नहरु तथा अन्य समसामयिक विकास सम्वन्धी विषयहरु माथि केन्द्रित रहेर सञ्चालन हुनेछन् ।

(१३) सम्वद्ध पदाधिकारीलाई आमन्त्रण गरिने : युवा संसदमा भएका छलफल, युवाका माग एवं आगामी दिनमा युवा विकासका लागि चालिनुपर्ने कदमहरुका बारेमा युवा साँसदहरुसंग साक्षात्कर गरी ऐक्यबद्धता जनाउन र सम्बोधन गर्नका लागि युवा संसदको छलफल कार्यक्रममा नगरप्रमुख, उपप्रमुख, कार्यपालिकाका सदस्यहरू, विभिन्न शाखाका प्रमुखहरू, प्रशासकिय अधिकृत, योजना अधिकृत, संघिय तथा प्रदेश सांसद लगाएतका युवा विकासका क्षेत्रमा क्रियाशील संघसंस्था तथा सञ्चारकर्मीहरुलाई आमन्त्रण गरिनेछ ।

(१४) प्रतिवेदन तयार गरिने : युवा संसदको नमूना अभ्यास सम्पन्न भइसकेपछि युवा प्रतिनिधिहरुबाट प्राप्त नीतिगत र कार्यक्रमगत सुझावहरुलाई समेटेर युवा संसद निर्माण प्रक्रिया देखि संसदीय अभ्यास सम्पन्न हुँदासम्मका संपूर्ण क्रियाकलापहरु समावेश गरी विस्तृत प्रतिवेदन तयार गरिनेछ । यसरी युवा संसदीय अभ्यासको प्रतिवेदनलाई सुझावको रुपमानगरपालिका, प्रदेश मन्त्रालय, संघिय मन्त्रालय, राष्ट्रिय युवा परिषद र युवा सम्बद्धसंघसंस्थाहरुलाई एक-एक प्रति उपलब्ध गराउनु पर्नेछ । प्रतिवेदन पेश भइसकेपछि यसको विस्तृत अध्ययन गरी यसमा उल्लेखित रचनात्मक सुझावहरुलाई आत्मसात गरी राष्ट्रिय प्राथमिकताका साथ कार्यान्वयनमा ल्याउनु सम्बन्धित निकायहरुको दायित्व हुनेछ ।

## परिच्छेद – ५
## नमुना युवा संसद निर्देशकसमिति

(१५) नमुना युवा संसद निर्देशक समिति गठन हुने : (१) यस कार्यविधि बमोजिम वार्षिक रुपमा सञ्चालन हुने युवा संसद गठन प्रक्रिया, प्रतिनिधि छनौट, अभ्यास तथा संघसंस्थाहरुसंग सहकार्य सम्बन्धी नीति निर्माण तथा कार्यक्रमगत समन्वय गर्न नगरपालिकामा एक युवा संसद निर्देशक समिति रहनेछ । उक्त समितिको गठन प्रक्रिया देहाय बमोजिम हुनेछ ।

अध्यक्ष - नगरप्रमुख

सदस्य - प्रमुख प्रशासकिय अधिकृत

सदस्य - सामाजिक विकास समिति संयोजक

सदस्य - कार्यपालिकाका सदस्य महिला सहित दुई जना

सदस्य - योजना अधिकृत, योजना शाखा एक जना

सदस्य - युवाक्लब सञ्जालका सदस्यहरु मध्येबाट कार्यकारी समितिले मनोनित एकजना महिलासहित दुईजना प्रतिनिधि

सदस्य - कार्यकारी समितिले तोकेको युवा सम्बद्ध गैरसरकारी संस्थाका प्रतिनिधि एक जना

सदस्य-सचिव – शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख

(२)निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ

क. नमूना युवा संसदको नीति तथा मापदण्ड निर्धारण गर्ने ।



त्रियुगा नगर कार्यपालिकाको मिति २०७५।०५।०४ गतेको निर्णयानुसार स्वीकृत भएको व्यहोरा प्रमाणित गर्दछु ।

बिदुर प्रसाद [illegible]
प्रमुख प्रशासकीय अधिकृत

ख. वडास्तरीय युवा क्लव तथा युवा सम्वद्ध सरकारी तथा गैरसरकारी संघसंस्थाहरुसंग समन्वय र सहकार्यको वातावरण निर्माण गर्ने ।

ग. नमूना युवा संसदका लागि स्रोत व्यवस्थापन गर्ने ।

घ. नमूना युवा संसदीय अभ्यासको अनुगमन एवं सहजीकरण गर्ने र आवश्यकतानुसार निर्देशन दिने ।

ङ. अन्य आवश्यक कार्य गर्ने ।

(३) निर्देशक तथा अनुगमन समितिको बैठक तथा निर्णय प्रक्रिया सम्वन्धी काम कारवाही समिति आँफैले निर्धारण गरेबमोजिम हुनेछ ।

(१६) वडा युवाक्लब तथा नमुना युवा संसदका गतिविधि तथा कार्यक्रमहरुको अनुगमन तथा सहजीकरण नगरपालिकास्तरमा नगर युवा परिषदले गर्नेछ । नगर युवा परिषद गठन नभएसम्मका लागि सो सम्बन्धी कार्य नगरपालिकाले तोकेको एकाइले गर्नेछ।

## परिच्छेद ६
## विविध

(१७) सहकार्य गर्न सक्ने : युवा संसदको निर्माणका लागि नगरपालिकामा वडास्तरीय क्लबहरुको निर्माण, त्यसको क्षमता अभिवृद्धि युवाक्लबको स्रोत व्यवस्थापन तथा नमूना युवा संसदको अभ्यास गरी युवाको नेतृत्व विकास तथा परिचालन गर्नका लागि परिषदलेसम्बद्ध सरकारी तथा युवा सम्बद्ध गैरसरकारी निकायतथा संघसंस्थाहरुसंग समन्वय तथा सहकार्य गर्नसक्नेछ ।

(१८) स्रोत व्यवस्थापन गर्न सक्ने : युवाक्लब गठन परिचालन तथा नमूना युवा संसदको अभ्यासका लागि संघीय प्रादेशिक र नगरपालिकासरकारले आ-आफ्नो निकायमा रहेको मानवीय, भौतिक तथा आर्थिक स्रोत व्यवस्थापन गर्न सक्नेछ ।

(१९) सबैले सहयोग गर्नुपर्ने : यस कार्यविधिमा उल्लेख भएका काम, कर्तव्य र अधिकारका साथै वडास्तरीय युवाक्लब गठन तथा परिचालन,नगर, प्रदेश तथा संघीय युवा संसदको नमूना अभ्यासका लागि सहयोग गर्नु सबैको कर्तव्य हुनेछ ।

(२०) कार्यविधिको संशोधन : सामाजिक विकास समितिको सिफारिसमा कार्यपालिकालेयस कार्यविधिको परिमार्जन तथा संशोधन गर्न सक्नेछ ।

(२१) बाधा अड्काउ फुकाउने : यो कार्यविधि कार्यान्वयनको क्रममा कुनै बाधा व्यवधान आइपरेमासामाजिक विकास समितिको सिफारिसमा कार्यपालिकालेकुनै निर्देशन तथा आदेश जारी गरी आवश्यक बाधा अड्काउ फुकाउन सक्नेछ ।



त्रियुगा नगर-कार्यपालिकाको मिति २०७५।०९।०४ गतेको निर्णयानुसार स्वीकृत भएको व्यहोरा प्रमाणित गर्दछु ।

विदुर प्रसाद [illegible]
प्रमुख प्रशासकीय अधिकृत

